# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग अन्तराष्ट्रिय मुद्रा कोषका बरिष्ठ आवासिय प्रतिनिधीद्वारा भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग अन्तराष्ट्रिय मुद्रा कोष (IMF) का बरिष्ठ आवासीय प्रतिनिधी Thomas J. Richardson ले फागुन ५ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्नुभयो । भेटवार्ताका अवसरमा बरिष्ठ आवासीय प्रतिनिधी Richardson ले नेपाल भारत नाकामा भएको अवरोधले आयात निर्यातमा आएको व्यवधानका कारण नेपालको अर्थतन्त्रमा पारेको प्रभाव तथा समग्र आर्थिक अवस्थाका बारेमा जिज्ञासा राख्नुभएको थियो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थितिका बारेमा जानकारी गराउनुहुँदै नेपाल राष्ट्र बैंकले मौद्रिक व्यवस्थापन, वित्तीय स्थायित्व, भुक्तानी प्रणालीमा सुधार लगायतका क्षेत्रमा गरिरहेका कार्यहरुका बारेमा प्रकाश पार्नुभयो ।

उक्त भेटवार्ताका अवसरमा भारत सरकार र IMF को संयुक्त आयोजनामा मार्च ११ देखि १३ सम्म भारतको दिल्लीमा आयोजना हुन लागेको Advancing Asia: Investing for the Future बिषयक उच्च स्तरीय सम्मेलन तथा अप्रिल १५ देखि १७ सम्म अमेरिकाको वासिंगटनमा आयोजना हुने Spring IMFC Meeting का बारेमा छलफल भएको थियो । सो क्रममा IMF ले नेपाललाई विभिन्न क्षेत्रमा उपलब्ध गराउने Technical Assistance का बारेमा समेत छलफल भएको थियो ।

भेटवार्तामा नेपाल राष्ट्र बैंकका बरिष्ठ अधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।

**२०७२ फागुन ५, बुधबार** **गभर्नरको कार्यालय**